आज मिति २०८२ जेठ ७ गते दिउँसो १:०० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | [signature] |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | [signature] |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | [signature] |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | [signature] |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | [signature] |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | [signature] |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार बिष्ट | कार्यपालिका सदस्य | [signature] |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | [signature] |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | सुनीता |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | [signature] |
| १६ | बिर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | [signature] |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | [signature] |
| १८ | प्रयाग राज पाध्या | कार्यपालिका सचिव | [signature] |

[signature] २०८२।२।६

प्रयाग राज पाध्या

थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोली, बझाङ
सुदूरपश्चिम प्रदेश नेपाल

## मिति २०८२ जेठ ७ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरू

**निर्णय नं. १**

पूर्व बैठकमा भएका निर्णयहरु कार्यान्वयनको समीक्षा र समसामयिक बिषयमा छलफल गरियो।

**निर्णय नं. २**

भूमि समस्या समाधान आयोग जिल्ला समिति बझाङ च. नं ३६ मिति २०८२।२।५ को पत्रानुसार भूमिहिन सुकुम्वासी दलित वा अव्यवस्थित बसोबासीको यस अघि संकलन भएको लगत आयोगको सूचना प्रणालीमा अबिलम्ब प्रबिष्टी गर्न साथै उक्त पत्रमा उल्लेख भए बमोजिम अन्य आवश्यक प्रक्रिया प्राथमिकता साथ अघि बढाउन वडा कार्यालयलाई निर्नेशन दिने।

**निर्णय नं. ३**

थलारा गाउँपालिका वडा नं ३ स्थित दिपायल चैनपुर सडकको दक्षिण तर्फ पर्ने खुइधार भन्ने ठाउँमा औद्योगिक ग्राम निर्माणका लागि आवश्यक जग्गा प्राप्ति गर्ने निर्णय भए बमोजिम उपयुक्त जग्गा छनौटका लागि गठित समितिको सिफारिस र जग्गाधनीको मञ्जुरी सहितको निवेदनका आधारमा उक्त खुइधार क्षेत्रको ३३ कित्ता जग्गा उपयुक्त हुने भएकोले उक्त निजी जग्गाहरु थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको नाममा निशुल्क प्राप्त गर्न स्वीकृति दिने।

**निर्णय नं. ४**

जिल्ला प्रहरी कार्यालय, ट्राफिक कार्यालय र जयपृथ्वी बहुमुखी क्याम्पसले विभिन्न प्रयोजनका लागि आर्थिक सहायता माग गरेको हुँदा देहाय बमोजिम सहायता भुक्तानी दिने।

| सि न | आर्थिक सहयोग दिनुपर्ने निकाय | प्रयोजन | रकम रु. | स्रोत/ शिर्षक |
|---|---|---|---|---|
| १ | जयपृथ्वी बहुमुखी क्याम्पस | प्राज्ञिक सम्मेलन | ५०,०००/- | कन्टीजेन्सी |
| २ | जिल्ला प्रहरी कार्यालय बझाङ | वाल निर्माण | ५०,०००/- | ~~कन्टीजेन्सी~~ विपद् कोष |
| ३ | ट्राफिक कार्यालय बझाङ | मोटरसाइकल खरिद | ३०,०००/- | मोटरसाइकल खरिद |

**निर्णय नं. ५**

थलारा गाउँपालिकाको १० शैया आधारभूत अस्पतालको विस्तृत परियोजना प्रतिवेदन र लागत अनुमान स्वीकृत गर्ने। उक्त लागत अनुमानको रकम मध्ये १० करोड रकम सङ्घीय सरकारबाट र बाँकी रकम स्थानीय तहको बजेटबाट स्रोत वेहोर्ने प्रतिबद्धता सहित बहुबर्षिय स्रोत सुनिश्चितताको लागि स्वास्थ्य मन्त्रालयमा लेखी पठाउने।

प्रयाग राज पाध्या
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६

देहायका आयोजना तथा कार्यक्रमहरुमा बजेट मागका लागि प्रदेश सरकारलाई सिफारिस गरी पठाउने निर्णय गरियो।

| क स | आयोजनाको नाम | ठेगाना | आवश्यक बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | मालुमेला स्वास्थ्य चौकी भवन पुनः निर्माण, (भूकम्पबाट क्षति भएको) | थलारा ९ | ३ करोड | |
| २ | झ्यावगर डान्या ओढार सेती नदी नियन्त्रण | थलारा ९ | १ करोड | |
| ३ | झ्यावगर थलारा तरकारी पकेट क्षेत्र | थलारा ९ | ३० लाख | |
| ४ | देवलवाँझ धार्मिक पर्यटकीय क्षेत्र संरक्षण | थलारा ३ | १ करोड | |
| ५ | झनाना देखि थलारा केन्द्र जोड्ने सडक | थलारा ५ र ६ | ५ करोड | |
| ६ | थलारा गाउँपालिका सभाहल, अतिथिगृह, घेरबार र कार्यालय जोड्ने शाखा सडक निर्माण | थलारा ८ | ४ करोड | |
| ७ | वडा कार्यालय भवन निर्माण वडा नं ३, ६र ९ | थलारा ३, ६र९ | ३ करोड | |
| ८ | थलारा माइकाथान खसड पर्यटकीय पदमार्ग | थलारा ७ | १ करोड | |
| ९ | थलारा बृहत फलफुल पकेट क्षेत्र विकास | थलारा | १ करोड | |

निर्णय नं. ७

देहायका व्यक्तिहरुलाई विपद व्यवस्थापन कोषबाट नगद राहत/आर्थिक सहयोग वापत रकम भुक्तानी दिने निर्णय गरियो।

| क स | नाम थर | ठेगाना | कारण | सहयोग रकम रु. |
|---|---|---|---|---|
| १ | हरि गिरी | थलारा १ | पुलबाट लडेर छोरा वेपत्ता | १५००० |
| २ | जय ब खड्का | थलारा ८ | आँखाको उपचार | ५००० |
| ३ | भक्त दमाई | थलारा ८ | औषधी उपचार | ५००० |
| ४ | दुर्गा देवी बिष्ट | थलारा ४ | भिरबाट लडेको | २५,००० |
| ५ | धर्म देव पाण्डेय | थलरा ७ | औषधी उपचार | १०,००० |
| ६ | मनु देवी दमाई | थलारा ३ | भिरबाट लडेको | १०,००० |
| ७ | गंगाराम उपाध्याय | थलारा ७ | भूकम्प पिडित | १०,००० |
| ८ | बासु देवी दमाई | थलारा ५ | एच आइ भी | ५००० |
| ९ | मधुरा देवी जोशी | थलारा ५ | एच आइ भी | ५००० |

| | | | | |
|---|---|---|---|---|
| १० | कमला कामी | थलारा ५ | एच आइ भी | ५००० |
| ११ | जगु सार्की | थलारा ५ | अस्थायी आवास | २५००० |
| १२ | जय बहादुर रोकाया | थलारा ६ | औषधी उपचार | ५००० |
| १३ | नर बहादुर दमाई | थलारा ५ | बाली नोक्सानी | ५००० |
| १४ | विसु सुनार | थलारा ९ | औषधी उपचार | ५००० |

निर्णय नं. ८

सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत गत आवमा यस गाउँपालिकाबाट सिफारिस भएका ७३ जना मध्ये ७३ जना नै छनौट भएका जस मध्ये देहाय बमोजिमका लाभग्राहीको प्राविधिक त्रृटीवश छनोटको निर्णयमा ३ जनाको नाम दोहोरो हुन गई देहायका ३ जनाको नाम छुट र १ जनाको नाम फरक परेकोले सम्झौता भईसकेका निजहरुलाई वडाको सिफारिस अनुसारका नामावलीलाई नै लाभग्राही मानी अनुदान रकम भुक्तानी दिने निर्णय गरियो।

| क स | भएको नाम | हुनुपर्ने नाम | ठेगाना |
|---|---|---|---|
| १ | दिनेश धामी | दिवेश धामी | थलारा ३ |
| २ | चन्द्र बहादुर धामी | विकास सार्की | थलारा ३ |
| ३ | दिनेश धामी | पदमा देवी भण्डारी | थलारा ३ |
| ४ | पारु देवी धामी | जोगमती मोर | थलारा ३ |

निर्णय नं. ९

सङ्घीय सरकारबाट हस्तान्तरित बिशेष अनुदान अन्तर्गत रतन अनन्त स्मृति बहुउद्देश्यीय संस्था लिमिटेडको उत्पादन र बजारीकरण सुदृढीकरण कार्यक्रमको कार्यान्वयनका लागि उक्त सहकारी संस्थाबाट पेश भएको आ.व.२०८१।८२को देहायको प्रस्ताव स्वीकृत गरियो र उक्त उत्पादन र बजारीकरण सुदृढीकरण कार्यक्रम सञ्चालनका लागि थलारा गाउँपालिकाले रतन अनन्त स्मृति बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडसँग सम्झौता गरी सहकारी मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

| क स | क्रियाकलापको नाम | परिमाण | कुल लागत (हजारमा) | गापा अनुदान % |
|---|---|---|---|---|
| १ | साबुन उद्योगका लागि ट्रस निर्माण | १ वटा | ७०५ | ८५% |
| २ | कलेक्सन स्टोरका लागि ट्रस निर्माण | १ वटा | ६१३ | ८५% |
| ३ | माछापोखरी निर्माण कार्य | १ वटा | १३५० | ८५% |
| ४ | आधुनिक मौरी घार खरिद तथा वितरण | ८२ वटा | ८२० | ७५% |
| ५ | बाख्रा खोर निर्माण | ६ वटा | ११६१ | ६५% |
| ६ | कुखुरा फर्म निर्माण कार्य | ६ वटा | ८२३ | ६५% |
| ७ | अल्लो तथा साबुन उद्योगको कच्चापदार्थ | एकमुष्ट | ५९५ | ७५% |